लिलाम उपन्यासमा प्रतिनिधित्व

❋नवीन के.सी.

nabinkc199@gmail.com

अध्ययनसार

लिलाम उपन्यासमा प्रतिनिधित्वका दृष्टिले दुई भिन्न वर्गको उपस्थिति रहेको छ। समाजमा आर्थिक उत्पादनका स्रोत र नियन्त्रण सामन्तवर्गमा सीमित छ। आर्थिक आधारमा सीमान्तकृत वर्गसमुदायको असहज सामाजिक एवम् व्यक्तिगत जीवन यापनका पक्षहरूको प्रतिनिधित्व रहेको छ। सामाजिक, धार्मिक, राजनैतिक आधारमा नेपाली जाति, वर्ग र राष्ट्रियताको प्रतिनिधित्व रहेको छ। नेपालको भूगोल र पर्यावरण, जातीय संरचना अनुसारको धार्मिक सांस्कृतिक विविधता, लैङ्गिक आधारमा निर्मित सामाजिक भूमिका, जातीय परम्पराअनुसारको पेसागत प्रतिनिधित्व रहेको छ। नेपाली समाजको ऐतिहासिक सन्दर्भदेखि वर्तमानसम्मका सामाजिक सांस्कृतिक अनैतिकता, सत्तालोलुपता, बलात्कार, हत्या, हिंसा, शोषण आदि विषयवस्तु एकीकृत रूपमा प्रस्तुत छ। यो विशिष्ट सामाजिक संरचना नै घिमिरेको लिलाम उपन्यासमा प्रतिनिधित्वका आधारहरू हुन् भन्ने सार यस अध्ययनको रहेको छ।

प्रमुख शब्दावली :शक्तिसम्बन्ध, सामाजिक-सांस्कृतिक अवस्था, सीमान्तकृत वर्गसमुदाय, अनैतिकता र प्रतिनिधित्व।

विषयपरिचय

जगदीश घिमिरे (२००२-२०७०) ले नेपाली साहित्यका क्षेत्रमा कथा, कविता, यात्रासंस्मरण, निबन्ध र नाटक विधामा विविध रचना गरेका छन्। तरपनि घिमिरेको विशिष्ट साहित्यक्षेत्र भनेको उपन्यास नै हो। शब्दकला र विषयगत गहनताले पाठकको मन खिच्न सक्ने उपन्यासकार घिमिरेका *लिलाम* (२०२७), *साबिती* (२०३२) र *सकस* (२०६९) गरी तीन वटा उपन्यास प्रकाशित छन्। *लिलाम* उपन्यासमा समाज, इतिहास र राजनीतिलाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ। सामाजिक विकृतिहरूको चित्रण गरिएको यो उपन्यासमा पूर्ण यथार्थलाई परिवर्तन चाहने प्रगतिशील चिन्तन प्रवाहित छ। प्राकृतिक प्रेम, कुप्रथा, हिंसाजन्य घटनाको प्रस्तुति भएको उपन्यासका रूपमा *लिलाम*लाई लिइन्छ। लिलाम उपन्यास सामाजिक यथार्थवादी तथा आलोचनात्मक यथार्थवादी पृष्ठभूमिमै रचना गरिएको प्रस्ट हुन्छ। यही पृष्ठभूमिमा संरचित घिमिरेको लिलाम उपन्यासमा प्रतिनिधित्वको अध्ययन गर्नु नै यस लेखको प्रमुख विषय हो।

सांस्कृतिक अध्ययनले मानवीय आचरण, स्वभाव र व्यवहारको समष्टि स्वरूपको बोध गराउँछ। यो विशिष्ट प्रकारको समालोचना पद्धति पनि हो। यस अध्ययनले कृतिमा वर्णित सांस्कृतिक पक्षलाई केन्द्रमा राखी त्यसको स्वरूप निर्धारण गर्दछ। साहित्यिक कृतिमा प्रतिनिधित्व, पहिचान र प्रतिरोध चेतनाको अध्ययन गर्नु पर्दछ भन्ने मान्यता सांस्कृतिक अध्ययनकै विषय हो। कृतिमा वर्णित शक्तिसम्बन्धमा वास्तविक समूहको खोजी प्रतिनिधित्व अध्ययन हो। उपन्यासमा सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, प्रशासनिक आदि सामाजिक संरचनामा कुनै पनि जाति, लिङ्ग र वर्गको प्रतिनिधित्व कस्तो छ र भाषाले त्यस्ता समुदायको के कस्तो प्रतिनिधित्व गरेको छ, भन्ने कुराको अध्ययनका लागि प्रतिनिधित्वलाई आधार बनाउन सकिन्छ। प्रतिनिधित्वसँगै अन्तर्निहित भएर ऐतिहासिक, सामाजिक, स्थानिक एवम् विचारधारात्मक रूपमा पहिचान

❋ लेखक अनुसन्धानको क्षेत्रमा क्रियाशील व्यक्तित्व हुन्।

निर्मित हुन्छ। विमर्शात्मक संरचनाले कुनै पनि जाति, जनजाति, वर्ग र लिङ्गका पहिचानहरू निर्धारण गरेको हुन्छ। व्यक्तिको लिङ्ग, जाति, उमेर, भाषा, भूगोल, समाज, राजनीति, संस्कृति, आर्थिक स्थितिका पृष्ठभूमिबाट उसको पहिचान निर्मित भएको हुन्छ। समुदायसँगका समानता र भिन्नताकै कारण पहिचानहरू निर्धारित हुँदै जान्छन्। यस्ता पक्षको खोजी पहिचानअन्तर्गत पर्दछ। कृतिमा वर्णित सामाजिक संरचनाका विभिन्न तहमा विभेदहरू हुन्छन्। अर्थात् शक्तिसम्बन्धका कारण सिर्जित दमन, उत्पीडन, शोषण, अन्याय, अत्याचार र थिचोमिचोहरूका विरुद्ध पिछडिएका तथा अधीनस्थ जाति, वर्ग र लिङ्गले गर्ने विरोधको चेतना नै प्रतिरोध हो। प्रभुत्वअन्तर्गत प्रतिनिधित्व, पहिचान र प्रतिरोध अध्ययनका दृष्टिले जगदीश घिमिरेका उपन्यासहरू उल्लेखनीय छन्। सांस्कृतिक अध्ययनको प्रभुत्वसम्बन्धी यही सैद्धान्तिक मान्यतालाई आधार बनाई प्रस्तुत लेखमा जगदीश घिमिरेको लिलाम उपन्यासमा प्रतिनिधित्वको अध्ययन गरिएको छ।

विश्लेषण ढाँचा

जगदीश घिमिरेका उपन्यासको सांस्कृतिक अध्ययन सन्दर्भमा ग्राम्सीको प्रभुत्वसम्बन्धी मान्यतालाई सैद्धान्तिक पर्याधारको रूपमा लिइएको छ। प्रभुत्व चिन्तनअन्तर्गत प्रतिनिधित्व, पहिचान र प्रतिरोधलाई मुख्य आधार बनाइएको छ। यस अध्ययनमा घिमिरेको लिलाम उपन्यासमा प्रतिनिधित्व केकस्तो रहेको छ, भनी खोजी गरिएको छ। विशेषगरी प्रतिनिधित्वअन्तर्गत पनि सांस्कृतिक प्रतिनिधित्वको खोजीमा केन्द्रित रही अध्ययन अगाडि बढाइएको छ। प्रतिनिधित्व अध्ययनका लागि अवधारणात्मक ढाँचाको रूपमा आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक तथा राजनैतिक पक्षलाई आधार बनाइएको छ। यही आधारमा घिमिरेका उपन्यासमा जाति, समुदाय, वर्ग, धर्म, लिङ्ग र विचारको प्रतिनिधित्व खोजी गरिएको छ।

प्रतिनिधित्व सांस्कृतिक अध्ययनमा प्रभुत्वसम्बन्धी केन्द्रीय आधार हो। राजनीतिक, सामाजिक, आर्थिक एवम् धार्मिक क्षेत्रमा व्यक्ति तथा समुदायको उपस्थितिलाई प्रतिनिधित्व भनिन्छ। सांस्कृतिक सन्दर्भमा कुनै वर्ग, लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति साहित्यमा कसरी भएको छ भन्ने कुराको खोजी नै प्रतिनिधित्व हो। यही सैद्धान्तिक अवधारणामा केन्द्रित भई जगदीश घिमिरेको लिलाम उपन्यासमा प्रतिनिधित्व खोजी गरिएको छ।

प्रतिनिधित्वसम्बन्धी अवधारणा

प्रतिनिधित्व सांस्कृतिक अध्ययनको केन्द्रीय आधार हो। राजनीतिक, सामाजिक, आर्थिक एवम् धार्मिक क्षेत्रमा व्यक्ति तथा समुदायको उपस्थितिलाई प्रतिनिधित्व भनिन्छ। सांस्कृतिक सन्दर्भमा कुनै वर्ग, लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति साहित्यमा कसरी भएको छ भन्ने कुराको खोजी नै प्रतिनिधित्व हो (भट्टराई, पृ.४९)। प्रतिनिधित्वको केन्द्रीय विषय समाजको संरचना र त्यसमा जनसमुदायको प्रतिनिधित्व कसरी भएको छ भन्ने हो। विभिन्न सन्दर्भमा उत्पादन हुने अर्थहरूको खोजी गर्दा प्रतिनिधित्वको खोजी गर्नुपर्दछ। सांस्कृतिक प्रतिनिधित्व र अर्थहरूको निश्चित गुण हुन्छ, ती ध्वनिहरू, अभिलेखहरू, वस्तुहरू, प्रतिबिम्बहरू, किताबहरू, पत्रपत्रिकाहरू र टेलिभिजन कार्यक्रमहरूमार्फत् संश्लेषित हुन्छन्। यसर्थ प्रतिनिधित्व विशिष्ट

सामाजिक संरचनामा पुष्टि हुन्छ। सांस्कृतिक प्रणालीलाई नै प्रतिनिधित्वका रूपमा मान्न सकिन्छ। सांस्कृतिक मानकहरू प्रतिनिधित्वका संरचनात्मक घटकहरू हुन्। प्रतिनिधित्व भाषाको संरचनाबाट नियन्त्रित र निर्देशित हुन्छ। यसले अर्थ र भाषालाई संस्कृतिसँग जोड्दछ। कुनै कुरालाई अर्थपूर्ण बनाउन र व्यक्ति वा समुदायलाई आर्थी रूपमा प्रतिनिधित्व गराउन भाषाको प्रयोग भएको हुन्छ। भाषाका माध्यमबाट सामाजिक सत्यहरूको प्रतिनिधित्व भएको हुन्छ (उप्रेती, पृ.३८)। अपराधी, पागलपन, यौनिकता, समलैङ्गिकता, दलित, नारीत्व जस्ता विषय विशिष्ट विमर्शात्मक निर्मिति हुन्। यस्ता सत्यहरू भाषाबाटै प्रतिनिधित्व भएका हुन्छन्। प्रतिनिधित्वले अर्थहरूको उत्पादन, प्रसार, उपभोग र नियन्त्रण गर्दछ। त्यस्ता अर्थहरू जाति, वर्ग, लिङ्ग, स्थानीयता, राष्ट्रियता, धर्म आदिबाट आएका हुन्छन्। अर्थको निर्माण प्रतिनिधित्वको प्रणालीबाट हुन्छ (हल, पृ.२१)। सांस्कृतिका सदस्यहरूले भाषाको प्रयोगबाट अर्थहरूको उत्पादन गर्नुलाई प्रतिनिधित्व प्रक्रिया मान्दै हलले यसलाई भाषिक सन्दर्भसँग गाँसेका छन्। उनले प्रतिनिधित्व प्रतिबिम्बात्मक, आशयमूलक र निर्माणात्मक गरी तिन प्रकारका हुने बताएका छन्। प्रतिबिम्बात्मक प्रतिनिधित्व सत्यको अनुकरण हो। यसमा वास्तविक जगत्का कुनै पनि व्यक्ति वस्तु, विचार घटना तथा भाषिक प्रकार्य प्रतिबिम्बका रूपमा प्रस्तुत हुन्छन्। वक्ता वा लेखकले भाषाका माध्यमबाट विशिष्ट अर्थ प्रस्तुत गर्नु आशयमूलक प्रतिनिधित्व हो। निर्माणात्मक प्रतिनिधित्व भाषाको सार्वजनिक सामाजिक चरित्रसँग सम्बन्धित हुन्छ। यस धारणाअनुसार वस्तु वा व्यक्तिगत प्रयोगकर्ताद्वारा अर्थ निर्धारित हुँदैन। समुदायले प्रतिनिधित्वमूलक प्रणाली, धारणा र चिन्हको प्रयोगबाट अर्थको निर्माण गर्दछ। यसर्थ प्रतिनिधित्व व्यवहार वा प्रकार्य हो, जसले भौतिक वस्तु र प्रभावको प्रयोग गर्दछ। अर्थ चिन्हको भौतिक गुणमा नभई प्रतीकात्मक प्रकार्यमा आश्रित रहन्छ। यस प्रकार भाषामा प्रतिनिधित्वमूलक प्रणालीबाट अर्थहरू उत्पादन हुन्छन्। यसबाट हलले फुकोको विमर्श र विमर्शात्मक व्यवहारले ज्ञानको उत्पादन गर्छ भन्ने धारणालाई प्रतिनिधित्वको निर्माणात्मक धारणा मानेको देखिन्छ (हल, ६२)।

समुदायमा जाति, जनजाति, लिङ्ग, वर्ग, क्षेत्र जस्ता सांस्कृतिक घटकहरू रहन्छन्। अल्पसङ्ख्यक समुदायका सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक र सांस्कृतिक अधिकारको अवस्था, स्थानीय र राष्ट्रिय राजनीतिमा प्रतिनिधित्वको खोजी आवश्यक रहेको छ। सांस्कृतिक अध्ययनको मुख्य विषय प्रतिनिधित्वका महत्त्वपूर्ण व्यवहारहरूलाई सांस्कृतिका रूपमा अध्ययन गर्नु हो। प्रतिनिधित्वको खोजी पछि परेका समुदायको माध्यमबाट हुन सक्छ। साहित्यमा उपस्थित चरित्रहरूबाट नै प्रतिनिधित्वको खोजी गर्ने कार्य सम्भव हुन्छ (भट्टराई, पृ.४९)। शक्तिसम्बन्धले समुदायमा सांस्कृतिक समूहको केकस्तो उपस्थिति गराएको छ र त्यसलाई साहित्यिक कृतिमा केकसरी चित्रण गरिएको छ भन्ने कुराको खोजी नै प्रतिनिधित्वको मूल सन्दर्भ हो।

प्रतिनिधित्वका विभिन्न क्षेत्रहरू हुन्छन्। त्यस्ता क्षेत्रहरू साहित्य, राजनीति, समाज, अर्थ, कानुन, प्रशासन, आमसञ्चार आदि हुन्। साहित्यमा शाब्दिक प्रतिनिधित्व हुन्छ। साहित्यमा भाषका माध्यमबाट प्रतिनिधित्व हुन्छ। यो कसै/केहीको कसै/ केहीबाट कसैका लागि हुन्छ। कुनै पनि व्यक्ति वा वस्तुको प्रतिनिधित्व व्यक्ति वा वस्तुबाट हुन्छ। प्रतिनिधित्वको विषय र माध्यम व्यक्ति वा वस्तु भए पनि प्रतिनिधित्वको प्रापक

व्यक्ति मात्र हुन्छ। साहित्यमा राजनीति वा विचारधारागत इच्छाहरूको समेत प्रतिनिधित्व हुन्छ (शर्मा, पृ.४३७-४४०)। भाषाबाट सङ्केतित सम्पूर्ण सन्दर्भहरू प्रतिनिधित्वका विषय हुन्। प्रतिनिधित्वले राजनीतिक क्षेत्रमा हुने प्रतिनिधित्वलाई पनि जनाउँछ। जस्तै कुनै सांसदले उसको चुनाव क्षेत्रको प्रतिनिधित्व गर्छ। कुनै पत्रकार वा समालोचकले दलित, सीमान्तकृत वा समलिङ्गी समुदायका बारेमा लेख्दा त्यस समुदायलाई भाषाका माध्यमबाट प्रतिनिधित्व गरिएको हुन्छ (उप्रेती, पृ.२८१)।

सामाजिक संरचना र शक्तिका स्रोतहरूमा उपेक्षित, किनारीकृत, दमित र उत्पीडित वर्ग, जाति र लिङ्गगत समुदायको समान रूपमा प्रतिनिधित्व नहुन सक्छ। यस्ता समूहको प्रतिनिधित्व उपयुक्त ढङ्गले भएको छ वा छैन र भएको छैन भने किन भएको छैन तथा केन्द्रीय सांस्कृतिको केकस्तो प्रभुत्वका कारण प्रतिनिधित्व हुन नसकेको हो भन्ने कुरा हेर्नु सांस्कृतिक अध्ययनको केन्द्रीय विषय हो। सांस्कृतिक समूहको समुदायमा प्रतिनिधित्वका अनेकौं राजनीति निर्माण गरिएका हुन्छन्। फुकोका अनुसार हरेक व्यक्तिले आफ्नो प्रतिनिधित्व आफैं मात्र गर्न सक्छ। दलित लगायतका अन्य कुनै पनि समूहको प्रतिनिधित्व भाषाको प्रयोग गरेर मात्र गर्न सकिन्छ। तर भाषाका प्रयोगहरू शक्ति सङ्घर्षका राजनीतिक, आर्थिक तथा सांस्कृतिक आधारमा बाँधिएका हुन्छन्। भाषाद्वारा अभिव्यक्त भएका भाषिक व्यवहारहरूले प्रतिनिधित्व निर्देशित गरिरहेका हुन्छन् (उप्रेती, पृ.२८२)। सामाजिक सांस्कृतिक मान्यताका आधारमा निमुखा, दलित, उपेक्षित, सीमान्तकृत वर्गको प्रतिनिधित्व गर्ने प्रयासले तिनै समूहप्रति सांस्कृतिक अपमान र हिंसा समेत हुने स्थिति भने रहिरहन्छ। यो अवस्था सिर्जना हुने प्रमुख कारण समाजमनोविज्ञान नै हो। यसर्थ शक्तिसम्बन्धमा वास्तविक समूहको वास्तविक प्रतिनिधित्वको खोजी नै सांस्कृतिक अध्ययनको विषय हो। उपन्यासमा सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, प्रशासनिक, आमसञ्चार लगायतका सामाजिक संरचनामा कुनै पनि जाति, लिङ्ग र वर्गको प्रतिनिधित्व कस्तो छ ? भाषाले त्यस्ता समुदायको केकस्तो प्रतिनिधित्व गरेको छ ? भन्ने कुराको अध्ययनका लागि प्रतिनिधित्वलाई आधार बनाइएको छ।

लिलाम उपन्यासमा प्रतिनिधित्त्व

लिलाम उपन्यासको कथानक अध्ययन गर्दा नेपालको राजधानी काठमाडौंदेखि रामेछाप जिल्लासम्मको स्थानीय परिवेशको प्रतिनिधित्व भएको छ। लामो समयदेखि रामेछापको मन्थली वरपर बसोबास गरिरहेका निम्नवर्गीय माझी, दलित तथा गरिब अशिक्षित नेपालीहरूको कथानक उपन्यासको मुख्य पक्ष हो। समाजमा गन्नेमान्ने अर्थात् सामन्तहरू एवम् सर्वसाधारण जनजातिका जीवनपद्धति, पेसा, सामाजिक-सांस्कृतिक रीतिरिवाजको प्रतिनिधित्व रहेको छ। आफ्नो पहुँचमा राजनैतिक आडभरोषा रहेका वर्गले समाजमा निर्माण गरेको थिचोमिचो, अन्याय, अत्याचार, शोषण, दमन, र अमानवीय व्यवहारलाई यथार्थ रूपमा समेटिएको छ। यही वर्गीयता, राजनैतिक संरचना, जातीय एवम् लैङ्गिक बेमेल, आर्थिक तथा सामाजिक सम्बन्धहरूको प्रतिनिधित्व रहेको विशिष्ट उपन्यास हो। यही केन्द्रीयतामा *लिलाम* उपन्यासमा प्रतिनिधित्व खोजी गरिएको छ।

लिलाम उपन्यासमा तामाकोसी नदी तथा वरिपरिको गाउँको वास्तविक अवस्थाको स्थानिक प्रतिनिधित्व गरिएको छ। रामेछापका मानिसहरूको जीवन गुजार्ने शैली, परम्परा, रीतिरिवाज, चालचलन आदिको यथार्थ झलक उपन्यासमा पाइन्छ। गोठाला, खेताला, अर्मपर्म जस्ता सामाजिक सम्बन्धहरू पनि एउटा विशिष्ट पक्षको रूपमा समावेस छन्। मन्थली वरपरको गाउँ, मन्थलीघाट, माझीगाउँ, गढवारी, कुनौरीघाट, नेपालथोक हुँदै काठमाडौंसम्मको भौगोलिक, सामाजिक एवम् सांस्कृतिक सम्बन्धहरूलाई प्रतिनिधित्वि गराइएको कुरा उपन्यासका निम्नलिखित तथ्यबाट बुझ्न सकिन्छ :

> *यहाँ एउटा अनावश्यक जस्तो कोशी बग्छ - तामाकोशी। यसमा घाटहरू छन्। यहाँको मुख्य हो मन्थली घाट। घाट तार्नु छेउका माझीहरूको काम हुन्छ। यस बापत माझीहरूले उहिल्यैदेखि कीपट पाएका थिए। यसको सेरोफेरोमा पनि यस भेगमा बिर्ताबार र गैरबिर्ताबार बाहुनहरू, क्षेत्री श्री तीन प्रभुका आठपहरिया खाल र माझी कीपटियाहरूको बसोबास छ। यी बाहेक चारैतिरबाट उछिट्टिएर आइपुगेका सुनुवार, तामाङ, मगर, सार्की, दमाईं, कामीहरूका थरीथरी रङ्गाएका घरहरू वरिपरिका गाऊँ बेसीका डाँडा, गैह्रामा उदाउँदो, अस्ताउँदो घामको झुल्काहरूमा टलक्क टल्कन्छन् पनि (पृ. २८)।*

प्रस्तुत उदाहरणका आधारमा *लिलाम* नेपालको भौगोलिक परिवेश रहेको उपन्यास हो। मन्थली त्यसको केन्द्र हो भने त्यहाँबाट काठमाडौंसम्मका स्थानिक प्रतिनिधित्व परिपूरक हुन्। उपन्यासको कथावस्तुअनुसार जुन समय, स्थानीयता एवम् परिवेशको संयोजन गएिको छ सोही रूपमा पात्रहरूको उपस्थिति पाउन सकिन्छ। स्थानीय भूगोल, नदीनाला, सामाजिक सांस्कृतिक संरचनाअनुसार जातीय एवम् पेसागत् प्रतिनिधित्व रहेको देखिन्छ। आर्थिक आधारमा निर्मित वर्गका जीवनशैली भिन्नभिन्न स्वरूपमा प्रतिनिधित्व गरिएको छ। तामाकोशी नदी र घाटसँग माझी जातिको पेसा जोडिएको छ। किपट र बिर्ताबारहरूको सन्दर्भले नेपालको ऐतिहासिक क्षणको सामाजिक सन्दर्भको प्रतिनिधित्व गरेको छ। त्यसैगरी बहुजातीय उपस्थिति रहेको सन्दर्भ उपन्यासमा पाउन सकिन्छ।

उपन्यासमा बहादुरे निम्नवर्गको प्रतिनिधित्व गर्ने पात्र हो। आर्थिक अवस्था कमजोर भएका रामबहादुर, दलविरेको सोझोपन र परिश्रमी स्वभावलाई उपन्यासमा समेटिएको छ। जीवन चेतनाका आधारमा वर्गीय प्रतिनिधि पात्र सेतीको अबोधता, पम्फीको निरिहता तथा विवशतालाई पनि सुस्पष्ट रूपमा प्रस्तुत गरिएको छ। विशेषगरी तामाकोसी किनार अर्थत् माझीगाउँको सजिव चित्रण उपन्यासमा गरिएको छ। यो आञ्चलिक प्रसङ्गलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> *... बहादुरे निद्रामा रहेछ, झकाएको रहेछ, उसले सपना देखेछ। के सपना देखेको होला, ऊ अचम्म मान्छ। हो उसले देखेको छ : सुनकोशी, तामाकोशी, रोशीको तीरै तीर खेदुवाले राँगा काठमाडौँतिर लगेको .... उसले काठमाडौंमा काट्न साँचेको राँगा हिलो गाडेर राखेको र मारेर मासुको व्यापार गरेको पनि देखेको छ र मासु किनेर पनि खाएको छ, तर यो सपना (पृ. २२)।*

प्रस्तुत उदाहरणमा बहादुरेको स्वैरकाल्पनिक अवोधतालाई समेटिएको छ। वास्तविक जीवनमा प्रायः असम्भव भएका वर्गको काल्पनिक जीवनको तीतो यथार्थको रूपमा बुझ्न सकिन्छ। विपनामा प्राण धान्न

धौधौ पर्ने बहादुरेहरूले सपनामा मासु किनेर खाएको सन्दर्भले समाजमा वर्गीयता छ र त्यस वर्गीय संरचनाले सीमान्त वर्गमा उत्पीडन रहेको प्रस्ट हुन्छ। अर्को हिसाबले रामेछापबाट काठमाडौं सम्मको स्थिानिका प्रतिनिधित्वलाई थप स्पष्ट पारेको छ। यसर्थ *लिलाम* वर्गीय प्रतिनिधित्व भएको उपन्यास हो। जसमा रामेछापको स्थानीय परिवेशको कथावस्तुलाई समेटिएको छ। पात्रहरूको जीवनचर्या यथार्थको निकै नजिक पाइन्छ। वास्तवमै राज्य र सरकारको आँखा नपरेको रामेछापका मानिसहरूको कठिन जीवनशैली एउटा पक्ष हो भने राज्य तथा राज्यका सामन्तद्वारा भोग्नु परेको अन्याय-अत्याचारको सहज चित्र अर्को पक्ष हो।

लिलाम उपन्यासका अधिनस्थ पात्रहरू आफ्नो सर्वस्व लिलाम हुने सन्त्रासमा जीवन बिताइरहेका छन्। राज्यसत्ताको केन्द्रीयतामा रहेका शक्तिशाली वर्गको उत्पीडनले छाक टार्न साथै आफ्नो मौलिक संस्कृति समेत स्वतन्त्र रूपमा मनाउन असमर्थ रहेकाछन्। प्रतिनिधित्वका हिसाबले नेपाली हो तर समाजको परिधीय संरचनामा मात्र अस्तित्व रहेको उपन्यासको यस तथ्यबाट पुष्टि हुन्छ : ढिँडो साँच्चै नै निस्तै भएछ। ऊ पनि त ढिँडो जस्तै निस्तो भएछ आज। भैसकेको होइन, हुने भएको छ। भोलि सर्वस्व लिलाम हुनेछ। .... केवल ऊ हुनेछ र उसलाई बाँच्ने हक हुनेछ। शान्तिप्रिय नेपाली नागरिक झैं (१-२)।

प्रस्तुत उदाहरणअनुसार नेपाली खानाको रूपमा चिनिएको ढिँडो जो गरिबहरूको आहारा मानिन्थ्यो। खाना संस्कृतिमा ढिँडोलाई उपेक्षा गरिए झैं बहादुरेलाई समाजमा सोही रूपमा व्यवहार गरिएको छ। सामन्तहरूको जालझेलमा परेर उसको सर्वस्व नै लिलाम हुने अवस्था सिर्जना गरिएको पाइन्छ। समाजमा मान्छे मान्छेका बिच विभेदमा बाँच्नुपर्ने नेपाली जाति र उसको जीवनशैलीको प्रतिनिधित्व रहेको पाइन्छ।

*लिलाम*उपन्यासमा नेपाली वेशभूषा तथा जीवनशैलीका विविध पक्षहरू समेटिएको छ जसमा नेपाली महाजाति र त्यसमा पनि जात विशेष एवम् आर्थिक अवस्थाले निर्माण गरेको सामाजिक सांस्कृतिक अवस्थाको चित्रण पाइन्छ। जुन प्रसङ्गलाई यसरी व्यक्त गरिएको छ : ऊ लगौंटी कस्छ। लगौंटी खुकुलो हुँदा उसलाई कुन्नि कता केके नमिलेको लाग्ने बानी छ। पटुकाको फुर्कोले ऊ लगौंटी छोप्छ (पृ.४)।

माथिको दृष्टांशमा आएका लगौंटी र पोटुकाले खसआर्य सम्प्रदायको प्रतिनिधित्व गरेको छ। नेपाली समाजमा परम्परादेखि चल्दै आएको जातीय प्रथा र जात विशेषको पहिरनको प्रतिनिधित्व प्रस्तुत छ। त्यसैगरी लगौंटीले लाज ढाक्न नसक्ने वर्गको प्रतिनिधित्व रहेको छ। यो वर्गीय रूपमा सीमान्तकृत वर्गको उपस्थिति हो भन्न सकिन्छ। यस सन्दर्भलाई उपन्यासका निम्नलिखित सन्दर्भले थप पुष्टि गर्दछ :

> *... उस बेला सेती राम्री थिई, पुतली जस्तै रातो चोलो, रातो गुन्यूभित्र पहेँली पातली ... बैंसमा फाँचा बढेका थिए छन्दबन्दसँग। अब सुकिसकेका छन्। चोलो भए पुग्छ, तुना छिनेको नछिनेको उसलाई वास्ता हुँदैन। गाला कोप्चिएर कन्चटका हाड उठेका छन्। टालैटालाले पुरिएको गुन्यूमा उसले देख्यो अर्को टालो थप्नुपर्ने भएछ। गुन्यू च्यात्तिएछ (पृ.११)।*

प्रस्तुत सन्दर्भमा पुतलीको यौवन अवस्थाको सौन्दर्य समेटिएको छ। खासगरी नेपाली महिलाहरूको पहिरन र महिलाप्रति हेर्ने सामाजिक दृष्टिकोण व्यक्त छ। जसमा चोलो र गुन्यूले नेपाली नारीहरूको पहिरनको प्रतिनिधित्व गरेको छ। उमेरका दृष्टिले यौवन र उत्तरप्रौढ अवस्थाको संयोजन रहेको छ। क्रमिक उमेरको

गिरावट र कमजोर परिवारिक आर्थिक अवस्थाको कारण दीनहीन वर्गको प्रतिनिधित्व रहेको छ। समग्र *लिलाम* उपन्यासलाई निरूपण गर्दा रामेछापको तामाकोसी नजिकको माझी बस्ती आसपासका ग्रामीण भेगका मानिसहरूको लोकजीवन, लोकसंस्कृति र दैनिक जीवनचर्याको चित्रण गरिएको छ। मन्थली आसपासमा आदिवासीका रूपमा बस्दै आएका माझी जातिको जीवनचर्यालाई उपन्यासमा प्रतिनिधित्व गराइएको पाइन्छ। निम्नवर्गीय माझी समुदायका मानिसहरूले दिनरात मिहेनत गर्दा पनि दुई छाक पेटभरि खान नपाएको, औषधीमूलो गर्न नसकेको वास्तविकता पनि समेटिएको छ।

बहादुरेको सर्वस्व गुम्ने भएपछि उसका मनमा उत्पन्न विभिन्न तर्क, अनौठा क्रियाकलापमा नै समग्र उपन्यासको कथानक अन्विति भएको छ। लिलामपछि ऊ कहाँ जाने ? के खाने ? कहाँ बस्ने ? परिवारलाई कसरी पाल्ने जस्ता पक्षहरू अन्तर्मन्थन भइरहन्छन्। आफूले बेहोर्नुपरेको रिन सामन्तहरूबाट अनावश्यक थोपरिएको र त्यसले परिवार समेतमा चिन्ता जागृत भएको तथ्य यसरी प्रस्तुत गरिएको छ : रिन खाएर तिर्न नसकेपछि लिलाम हुन्छ थाहा छ ? हाम्ले रिन तिर्न सकेनौँ। कल्ले भन्या ? ऊ सोध्छे। साहुहरूले कुर्लेको उसले सुनेकी थिई।.... कसाईले चारैखुट्टा अल्झाएर ढालिसकेको छ, सुर्कने पाशो कसिन मात्र बाँकी छ, पशु चित्कार गर्छ - म चार खुट्टे होइन। लिलाम भएको दुईखुट्टे मात्तै हुँ (१८-२१)।

प्रस्तुत उदाहरणमा विसङ्गतियुक्त आर्थिक सामाजिक अवस्थाको प्रतिनिधित्व भएको छ। कथानकअनुसार बहादुरेको बुबाले मर्ने बेलामा ऋण छैन भने पनि गाउँका ठुलाठालुहरूले ऋणका अनेक शीर्षक सहित तिर्नपर्ने ऋण सुनाएको सन्दर्भ उल्लेख छ। सोझो र अनपढ बहादुरेहरू यस्तै मिथ्या ऋण तिर्न नसकेर लिलाम हुनुपरेको तीतो यथार्थ उपन्यासमा रहेको छ। सामन्तहरूको छलछाम स्वीकार गर्न ऊ बाध्य छ जसको पीडा परिवारका सदस्यमा पनि त्यतिकै रहेको छ। साहुले थर्काएको, पशुसरह व्यवहार र चिन्तन विकास भएको सन्दर्भ समेटिएको छ। यो वर्गीय प्रतिनिधित्वमा फरक दुई वर्ग रहेको स्पष्ट छ। दुई खुट्टे अर्थात् मानव भएर मानवको रूपमा बाँच्न नपाएका वर्गको पीडा प्रस्तुत गरिएको छ।

*लिलाम*को समग्रता भनेको नेपाली समाजको वास्तविक अन्तर्विरोध नै हो। गतिशील नेपाली समाजको युगबोध भए तापनि लिलाम हुनुपर्ने अवस्था नेपालीहरूको वास्तविकता नै हो भन्न सकिन्छ। समाजमा सामन्तहरूबाट गरिबहरू कसरी सताइएका छन् भन्ने कुराको यथार्थ रूपमा प्रतिनिधित्व भएको छ। नेपालीहरूको कथाव्यथा, नेपाली समाज तथा परिवेश, नेपाली ग्रामीण मानिसहरूको पीडा तथा जातीय संरचनाको प्रतिनिधित्व नै *लिलाम* उपन्यासको विशिष्ट पक्ष हो। यस सन्दर्भलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ :

> *काला, लामा कपाल कैल्यै चिल्लो हाल्न नपाएर जुरो पार्छे पम्फी। .... आफ्नो बाबु झैं आमासँग विष्टहरूको घरघर डुलेर लुगा सिउनु उसको काम हो। उसका विष्टहरू सबै छन् ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र र यिनका बर्णशङ्करहरू अर्थात् नेपालको फूलबारीका चारवर्ण छत्तिस जात। .... कोतपर्वमा काटिनेका सन्तान यहाँ छन्। चन्द्रसमशेर सँगसँगै बेलायतको पारख गर्नेका सन्तान यहाँ छन्। हिन्दुस्तानका धनी धनी शहरहरूका गरिब गल्लिहरूको पारख गर्नेहरू पनि यहीँ छन्। ...*

जहान पाल्न पनि उसले शरीरको व्यापार गर्न सक्छे ? कति असल हुने थियो लिलाम भोलि नै नभैदिए (पृ. ३८-३९) ।

प्रस्तुत दृष्टांशमा राष्ट्रियताका दृष्टिले नेपालीको प्रतिनिधित्व भएको छ। नेपालको जाति व्यवस्थाको मौलिक पहिचान पनि समेटिएको छ। पम्फी र उसको दमाई समुदाय जातीय आधारमा सीमान्तकृत वर्गको प्रतिनिधिको रूपमा रहेका छन् । यो नेपालको ऐतिहासिक सांस्कृतिक स्वरूप हो । विष्टहरूकामा गएर लुगा सिलाउनु उनीहरूको पेसाको रूपमा रहेको छ। वर्णशङ्कर व्यवस्थाअन्तर्गत विभिन्न जातीय संरचनाको प्रतिनिधित्व भएको पनि सहज रूपमा बुझ्न सकिन्छ। धार्मिक सांस्कृतिक रूपमा कोतपर्वमा काटिनेदेखि चन्द्रसमसेरसँग बेलायतको पारख गर्नेहरूको उपस्थिति रहेको छ। नेपाललाई हिन्दुस्थान प्रान्तको रूपमा चिनाइएको छ। यद्यपि लिलामको त्रासमा जीवन बिताइरहेका वर्गहरूको वास्तविकता पनि समेटिएको छ। गरिबीकै कारण लिलाम हुन भन्दा शरीरको व्यापार गरेर भएपनि बाँच्न चाहने वर्गको प्रतिनिधित्व रहेको छ। यो पम्परागत सामाजिक संरचनामा जातीय, वर्गीय व्यवस्थाले निर्माण गरेको विसङ्गतिपूर्ण अवस्था हो ।

उपन्यासमा कथानक घटनाक्रम प्रारम्भदेखि नै वर्गीय उत्पीडनले कारुणिक रहेको पाइन्छ। गाउँका सोझासाझा जनताहरूलाई महेश्वरप्रसाद, करवीर, मङ्गलधोज र धनप्रसाद जस्ता शोषकहरूले आफ्नो स्वार्थ्यअनुसार विभिन्न प्रकारका शोषण गर्दछन् । उनीहरूको शोषणबाट बहादुरे जस्ता पत्रहरूको धनसम्पत्ति नै लिलाम गराएर गाउँ नै छोड्न बाध्य बनाइएको छ। ठूला भनाउँदा नेपालीहरूले ती सोझासाझा नेपालीहरूलाई शोषण गरेका घटनाहरूले वर्गीय प्रतिनिधित्व रहेको स्पष्ट हुन्छ। कुल्ली काम गर्नु पर्ने, पेटभर खान नपाइने र जीवनभर साहूको काम गर्दा पनि उनीहरूको ऋण नतिरिएको अवस्था उपन्यासमा देखिन्छ। त्यसैगरी सामन्तहरूको घरमा सीमित स्वार्थ्यमा कमाराकमारी झैं कामगर्न विवश वर्गको प्रतिनिधित्वलाई निम्नलिखित साक्षबाट पनि स्पष्ट हुन्छ : माइली निदाउन बल मात्र गर्न सक्छे, निदाउन सक्नु उसको बुँताको कुरा होइन .... ऊ विगत सम्झन पुग्छे, जुनकुरा ऊ सबभन्दा बढी बिर्सन चाहान्छे - करवीर साहू। करवीर साहूकी कान्छीलाई माइली सधैं तेल घसिदिन्छे। सीतामाया सुत्केरी छे। सुत्केरी उतारेपछि उसले एकजोर धोती चोलो बकस पाउने छ (५३) ।

प्रस्तुत तथ्यअनुसार माइली जस्ता गरिब परिवारका महिलाहरू सामन्त वर्गबाट श्रमशोषण तथा यौनशोषणमा पर्नेगरेको तथ्य अगाडि सारिएको छ। करवीर साहु जस्ता निरङ्कुश पात्रबाट निरन्तर शोषण गर्नु अमानवीय चरित्रको प्रतिनिधित्व हो । अधीनस्थ वर्गले यसप्रकारका प्रवृत्तिलाई विसर्जन चाहेर पनि नसकेको पीडादायी अवस्था व्यक्त गरिएको छ। साहुकी छोरी भएकै कारण सुत्केरी हुँदा उही शारीरिक संरचना भएकी माइली दिनहुँ तेल घसिदिन उपस्थिति हुनु निरङ्कुश समाज र सांस्कृतिको प्रतिनिधित्व हो भन्न सकिन्छ। त्यतिमात्र होइन, श्रम गरेबापतको परिश्रमिक पनि एकजोर धोती र चोलोमा चित्त बुझाउनुपर्ने अवस्था छ। यो उत्पीडनको पराकाष्ठा नै हो। उपन्यासमा यस सन्दर्भलाई पुष्टि गर्ने तथ्यहरू यसरी व्यक्त गरिएको छ : माइलीसँग करवीरले यो कुरा बडो भावावेशमा सुनाएको थियो - माइली। मेरो यत्रो काम बन्छ , तँ एकपटक डाक्टर साबसँग ... एकछिन बसिदे मात्तै, यसै गफ गरे, जे गरे पनि नरिसाउनु नि ...नि डाक्टर सायबलाई म नै भनीठानीदे ... एउटा फुली लिउँला ... बिन्ती (५८) ।

उदाहरणका साथ समग्र उपन्यासका प्रसङ्गअनुसार माइली लैङ्गिक शोषणमा परेकी नारी पात्रको प्रतिनिधित्व हो। करवीरले बारम्बार आफ्नो स्वार्थका लागि माइली र निम्नआर्थिक अवस्था भएका परिवारलाई प्रयोग गर्दै आएको छ। घरमा आफ्नी श्रीमती हुँदाहुँदै यौवनले भरिएकी माइलीप्रति आशक्त हुनु विसङ्गतियुक्त सांस्कृतिक प्रणाली नै हो। यसप्रकारको व्यवहारलाई कानून र मर्यादा भन्दा भिन्न सामाजिक संरचनाको निर्माण गर्ने सांस्कृतिको प्रतिनिधित्वका रूपमा बुझ्न सकिन्छ। एउटा फुलीको लोभ देखाएर माइलीलाई डाक्टरसँग सहवास गराउन लगाउनु सामन्त वर्गले निर्माण गरेको सामाजिक विसङ्गतिको प्रतिनिधित्व हो। डाक्टर सायब भएर मर्यादित पेसामा रहेको व्यक्ति पनि पेसागत मर्यादा भूलेर नीचकार्यमा लाग्नु अस्वाभाविक देखिन्छ। शिक्षित वर्गबाट नै समाजमा सामान्य मानिसहरूप्रति लोभ, लालस, शोषण, अन्याय, अत्याचार गरिएको तीतो यथार्थ प्रस्तुत गरिएको छ। पेसागत प्रतिनिधित्व र विसङ्गतिको सन्दर्भलाई निम्नलिखित दृष्टांशबाट पनि पुष्टि गर्न सकिन्छ :

> *कसरी हुन्थ्यो अब, डाक्टर फिस लिएर ओखती लेख्छन् नेपालमा ! वकिल फिस लिन्छन् कागज लेखेको ! नेता फिस लिन्छन् भाषण गरेको ! जागिरदार फिस लिन्छन् काम गरेको ! मास्टर फिस लिन्छन् पढाएको ! मैले पनि यति चारकिल्ला भित्रको बाहुनहरूलाई नाउँ, उमेर, दर्जा, इज्जतअनुसार एक रूपयाँदेखि सय रुपियाँसम्म फिस दिएँ उनीहरूले मेरो हातको भात खाइदिए। तर तीन जनाले मसँग पाँच पाँच सय लिइछाडे मुर्दारहरू ! (पृ. ६२) ।*

प्रस्तुत तथ्यअनुसार नेपालको पेसागत प्रतिनिधित्व रहेको छ। पेसागत प्रतिनिधित्वभित्र पेसागत संस्कृतिमा देखिएको विसङ्गति पनि समेटिएको छ। पेसागत मर्यादा भुलेर स्वार्थभावमा लाग्ने जातीय, वर्गीय उपस्थिति रहेको छ। उपन्यासको सन्दर्भअनुसार डाक्टरहरूले फिस लिएर ओखति गर्नु, वकिलले फिस लिएर कागज लेख्नु, नेताले भाषण गरेको फिस लिनु, जागिरेहरू फिस लिएर काम गर्नु, मास्टरले फिस लिएर पढाउनु आदि सन्दर्भ पेसागत प्रतिनिधित्व हो भने अर्कोतर्फ पेसागत बैमानी पनि हो। जातीय संरचनाअनुसार 'म' अर्थात् कथित दलित समुदायको 'म' पात्रले आफ्नो वरपरका ब्राह्मणहरूलाई स्तर र अवस्थाअनुसार फिस दिएबापत आफूले छोएको खाइदिएको सन्दर्भले जातीय भेदभावको प्रतिनिधित्व गरेको छ। समाजमा छुवछुत प्रथा कायमै रहेको पनि सुस्पष्ट हुन्छ।

लिलाम उपन्यासमा बिजुलेको अवस्था, दलविरेको मृत्यु, पम्फीको विवशता केवल प्रभुत्व वर्गले निर्माण गरेको सामाजिक सांस्कृतिक व्यवहारका परिणति हुन्। एकातिर दिनभरि काम गरेर छाक टार्न नसकेर गरिबीको जालबाट उम्कन आफूले जन्माएका छोराछोरीलाई मर अथवा पोइला जा भन्नु पर्ने बाध्यता र अर्कोतिर बिहान उठ्दा आफ्नो जमीन लिलाम भएर आफू सुकम्बासी हुन परेको र न्याय माग्दा शारीरिक तथा मानसिक यातना खेप्नु परेको घटना सांस्कृतिक अध्ययनमा पहिचानका आधारहरू हुन्। यस्ता गरिब मानिसको रगत पसिना चुसेर मोजमस्ती गर्ने महेश्वर, करवीर, धनप्रसाद तथा मङ्गलध्वज जस्ता सामन्त वर्गको थिचोमिचो असभ्य र अन्यायपूर्ण देखिन्छ। उनीहरूको अकर्मणीयताका स्वरूपलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> *बिजुलेको किलोमा अर्थात् पम्फीको पाठेघरमा धनप्रसादले थोरे बाँधिदिन्छ। त्यसलाई धपाएर मङ्गलध्वजले आफ्नो थोरे स्थापित गर्छ। मङ्गलध्वजको हटाएर धनप्रसादले फेरि आफ्नै भैंसी स्थापित गर्न सफल हुन्छ। बिजुले घण्टको रालो भैं दुई भित्ता धनप्रसाद र मङ्गलधोजमा ठाक्किइरहन्छ। फेरि धनप्रसाद आफ्नो भैंसी बधाउँछ (पृ.८१)।*

माथिको उदाहरण तथा समग्र *लिलाम* उपन्यासमा बिजुले दमाईकी छोरी पम्फीको उपकथा रोचक एवम् कारुणिक रूपमा समेटिएको छ। उपन्यासमा पम्फीसँग सम्बद्ध घटनाक्रमका आधारमा गाउँका शोषक, फटाहा तथा यौनपिपासुको चरित्र प्रतिनिधित्व भएको छ। एकातर्फ पम्फीको अबैधानिक गर्भसँग जोडिएको सामाजिक मर्यादा एउटा पक्ष हो भने उक्त विषयलाई आफ्नो स्वार्थपूर्तिको आधार बनाउने सामन्तहरूको चालबाजी अको पक्ष हो। माथिको दृष्टांशका आधारमा पनि धनप्रसाद र मङ्गलध्वजको चालबाजीमा बिजुले दमाईले खाएको हन्डर प्रभुत्वअन्तर्गत प्रतिनिधित्व अध्ययनको विशिष्ट नमुना हो। समाजमा यसप्रकारका चरित्रहरू रहेको पनि प्रस्ट हुन्छ। कुमारी छोरी पम्फी गर्भवती भएपछि आफ्नो रिसिबी साध्न धनप्रसाद र मङ्गलध्वजबीच दुस्मनीले चरम रूप लिन्छ। पम्फीलाई समाज बसे पनि वास्तविक पीडक पहिचान नगरी एउटा निर्दोश गरिब साथ लगाएर गाउँ कटाइन्छ। यो समग्र घटनाक्रम समाजमा गरिब तथा दलितहरूप्रति गरिएको अपमान हो। यसले सामाजिक, सांस्कृतिक मात्र नभएर राजनीतिक अवस्थाको प्रतिनिधित्व गरेको छ। यस प्रसङ्गलाई उपन्यासका निम्नलिखित तथ्यले थप पुष्टि गर्दछ : कल्कलाउँदी, पहेँली हिजोकी सुत्केरी पम्फी चौताराको एक कुनामा थन्क्याइएकी छे। कन्नेकेटी सुत्केरी हुनु। कत्रो पाप ! व्यभिचारिणी ! यो कलिजुग ! तर कसैले आफूपट्टि फर्केर प्रश्न गर्न चाहेन। .... एकमात्र हिन्दुराज्य यस पावन भूमिमा नेपालको सनातन संस्कारको अद्वितीय समाजमा एउटी कुलटा, पापयोनि शूद्राको भ्रष्ट आचार व्यवहारद्वारा कलङ्क लगाउने चेष्टा भएको छ (८२-८३)।

प्रस्तुत तथ्यलाई आधार बनाई समग्र *लिलाम* उपन्यासमा प्रतितिधित्व अध्ययन गर्दा प्रतिनिधित्वका अनेक आयामहरू रहेको प्रस्ट हुन्छ। बहादुरे वा बिजुलेहरूको पारिवारिक संरचनाले मानवीय संवेदनालाई उत्कर्षमा पुऱ्याउँछ। बिजुलेकी छोरी पम्फी सुत्केरी भएको घटनालाई हेर्दा पनि सोही कुरा पुष्टि हुन्छ। यो समग्र पक्षको कारक विसङ्गत सामाजिक आर्थिक अवस्था नै हो। त्यसमा धार्मिक अन्धविश्वासले थप विभेद सिर्जना गरेको छ। भाग्यवादमा विश्वास गर्ने वर्ग गरिब भएपनि इमान्दार नै छन्। पम्फी कन्नेकेटी भएर पनि सुत्केरी हुनुलाई पाप वा धर्मको रूपमा हेरिएको छ। गलत गर्ने र स्वार्थमा लीन हुने वर्ग भन्दा अधिनस्थ वर्ग नै यो अपमान वा अन्याय स्वीकार गर्न बाध्य छ। अर्को पक्ष भनेको यस घटनालाई कलिजुग भनेर कालिक प्रतिनिधित्व गराइएको छ। धार्मिक प्रतिनिधित्वको रूपमा हिन्दु राज्यको रूपमा रहेको नेपाललाई सनातन सांस्कृतिकको केन्द्रको रूपमा परिचय दिइएको छ। जसमा परम्परागत धर्म, संस्कृतिको अवमूल्यन भएको भनी एउटी अबोध महिलामाथि नै प्रहार गर्नु परम्परागत पुरुषवादी चिन्तनको पराकाष्ठाको रूपमा लिन सकिन्छ। यस सन्दर्भलाई उपन्यासको यस साक्ष्यले थप पुष्टि गर्दछ : साँच्चै केही पनि छैन ओढ्ने। सेती केही भन्न सक्तिन। पोइलाई गुन्यू ओडाइदिन पनि भएन। हुने भए पनि आफू नाङ्गो हुनु भएन (पृ.८९)।

प्रस्तुत उदाहरणअनुसार बहादुरे कमजोर आर्थिक अवस्थाले विक्षिप्त छ। उनीहरूको घरमा गाँस, बास र कपास कुनै पनि मजबुद छैन। यो निम्नआर्थिक अवस्ता भएको बहादुरेको परिवारमा सुत्दा सेतीले आफ्नो लोग्नेलाई केही ओड्ने समेत दिन सकेकी छैन। भएको एउटा गुन्यू पोइलाई दिँदा आफू नाङ्गो हुनुपर्ने अवस्था आर्थिक बिपन्नताको प्रतिनिधित्व हो। पोइलाई गुन्यू ओडाइदिन भएन भन्ने सन्दर्भ सेतीमा उत्पन्न हुनु परम्परागत मूल्य वा पुरुषवादी सांस्कृतिको स्वरूप हो भन्न सकिन्छ।

निष्कर्षमा प्रभुत्व अध्ययनका दृष्लिे *लिलाम* उपन्यासको अध्ययन गर्दा आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, सामाजिक एवम् राजनैतिक प्रतिनिधित्व रहेको पाइन्छ। उपन्यासको मूलकथानकअनुसार बहादुरेले नखाएको ऋण स्वीकार गर्नुपरेदेखि उसको घरजग्गा लिलाम हुने दिनसम्मका घटनाहरू समेटिएका छन्। पहाडको स्थान भएकाले अन्न थोरै फल्ने र परिवार धेरै भएकाले बहादुरेको परिवारको गाँस, बास र कपासको सुनिश्चितता छैन। यसैगरी गाउँका शोषकहरूले बहादुरेका वर्गको परिवारलाई शोषण गरेर उनीहरूको जीवन कष्टमय बनेको छ। तालुकदार तथा जमिन्दारको जालभेल तथा अन्यायले त्रसित जनता एकजुट हुन खोजे पनि केही गर्न नसकि विवश भएर पलायन हुनु परेको घटना उपन्यासमा वर्णित छ। कृषि तथा पशुपालन गरेर जीवन बिताउनु त्यहाँका मानिसहरूको बाध्यता हो। उनीहरूमा शिक्षा र सीप नभएका कारण रोजगारीको कुनै सम्भावना छैन। भाग्यवादमा विश्वास राख्ने गरिब तथा सीमान्त समुदाय जस्तोसुकै अन्याय र अत्याचार पनि सहन बाध्य छन्। सामन्त वर्गको शोषकी प्रवृत्ति पनि अस्वभाविक रूपमा बृद्धि भएको तथ्य समावेश छ। उपन्यासमा समाजका ठुलाठालु भनौदाहरूको एकअर्काबीच चल्ने द्वन्द्वको सिकार पनि सीमान्त वर्गनै हुनुपरेको छ। यसर्थ *लिलाम* प्रभुत्वअन्तर्गत प्रतिनिधात्व अध्ययनका दृष्टिले विशिष्ट उपन्यास हो।

सन्दर्भ सामग्री

आचार्य, बलराम. *लैङ्गिक समाजशास्त्र.* काठमाडौँ, नेशनल बुक सेन्टर, २०७४।

उप्रेती, सञ्जीव. *सिद्धान्तका कुरा (चौथो संस्क.).*काठमाडौँ, अक्षर क्रियसन्स नेपाल, २०६९।

कोनेल, आर.डब्लु. *जेन्डर एन्ड पावर,* स्ट्यान्डफोर्ड, सि. ए., स्ट्यान्डफोर्ड युनिभर्सिटी प्रेस, सन् १९८७।

कोस्टर, डायना. जेन्डर एन्ड पावर सिक्स लिङ्क्स एन्ड वन बिग अपर्चुनिटी, https://www.dlprog.org/o pinions/gender-and-power-six-links and-one-big-opportunity, २१ मे, २०१५ .

ग्राम्सी, एन्टोनियो. *सेलेक्सन फ्रम द प्रिजन नोटबुक्स,* सम्पा. क्विनटिन होआर तथा ज्यौफ्री नोबेल- स्मिथ, लन्डन, लरेन्स तथा विशहार्ट, सन् १९७६।

ठकुरी, माया. प्रियंवदा (दोस्रो संस्क.). काठमाडौं, रत्न पुस्तक भण्डार, २०७०।

पाण्डे, ज्ञानु.*नेपाली उपन्यासमा लैङ्गिकता.* काठमाडौँ, नेपाल प्रज्ञा प्रतिष्ठान, २०६९।

पाण्डेय, ताराकान्त. *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर, साझा प्रकाशन, २०७३।

फुको, मिसेल. *पावर/नलेज : सेलेक्टेड इन्टरभ्युज एन्ड अदर राइटिङ्स* सम्पा.कोलिन गोर्डन, न्युयोर्क, प्यान्थियन, सन् १९८०।

.... *हिस्ट्री अव् सेक्सुआलिटी एन इन्ट्रोडक्सन.* अनु. रोबर्ट हर्ले, न्युयोर्क : भिन्टेज बुक्स, १९९०।

भट्टराई, रमेशप्रसाद.*आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण.* काठमाडौँ, भुँडीपुराण प्रकाशन, २०७७।

.... 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू'. *भृकुटी.* (भाग १९), २०७०, पृ.३३४-३६४।

.... *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौँ, भुँडीपुराण प्रकाशन, २०७७।